# प्राईभेट फर्म नविकरण सम्वन्धि मार्गदर्शन, २०७५

## 1= परिचय

नेपाल सरकारद्वारा जारी औद्योगीक व्यवसाय ऐन २०७३ तथा प्राईभेट फर्म ऐन २०१४ र प्राईभेट फर्म नियमावली २०३४ को परिधि भित्र रही लघु, घरेलु तथा साना उद्योग दर्ता नविकरण लगायत उद्योग प्रशासन सम्बन्धी कार्यहरु उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विभागले अधिकार प्रत्यायोजन गरि मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति मार्फत सम्पादन हुदै आएको थियो । देशमा राजनैतिक परिवर्तन संगसंगै संघ प्रदेश र स्थानीय सरकारहरु स्थापना भै कार्यसन्चालन भैरहेको अवस्था छ । नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय (सचिव स्तर) को मिति २०७५।६।१६ को निर्णय अनुसार साविक घरेलु तथा साना उद्योग विभागले सम्पादन गरि रहेको कार्यहरु प्रदेशको उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय वा अन्तरगतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयबाट नै गर्न गराउन हुन भनि निर्णय भएको थियो । यस परिप्रेक्ष्यमा विगतमा भैरहेका उद्योग प्रशासन सम्वन्धि कार्यहरु कसरी गर्ने भन्ने अन्यौलता रहेको छ । जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/ विकास समितिमा दर्ता भै सन्चालनमा आएका म्याद गुज्रेका फर्महरु नविकरण प्रकृयाका लागी प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ र प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को प्रावधान भित्र रही तोकिएको दस्तुर, दण्ड जरिवाना तिरी २०७६ आषाढ मसान्तसम्म एक पटकका लागी (वा गण्डकी प्रदेशको प्राईभेट फर्म रजिष्ट्रेशन ऐन/ नियमावली /कार्यविधि आएमा सोही अनुसार हुने गरी) यो मार्गदर्शन तयार गरिएको छ ।

## 2= मापदण्डः

### क. प्राईभेट फर्म नवीकरण सम्बन्धि कानूनी व्यवस्था

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम तोकिएको दस्तुर बुझाई दर्ता भएका उद्योग/व्यवसायिक फर्महरु दर्ता भएको मितिले ५ वर्षसम्मको लागि बहाल रहने व्यवस्था छ । उक्त म्याद समाप्त भएको मितिलि ३५ दिनभित्र सम्वन्धित कार्यालयमा गई नवीकरण नगराएमा प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नवौं संशोधनको नियम ७ (५) को (क) र (ख) मा उल्लेख भए अनुसार दस्तुर लिई नविकरण गरिदिने र यस्तो नवीकरण अवधि २ वर्षको हुनेछ ।

### ख. प्राईभेट फर्म नवीकरण सम्बन्धि विषेश व्यवस्था

प्राईभेट फर्महरुको नवीकरण सम्वन्धमा प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ७ (४) र (५) अनुसार पनि नवीकरण नगराई म्याद गुज्रेका प्राईभेट फर्महरुको नवीकरण सम्वन्धमा सो नियमावलीको दशौं संशोधनले नियम १० (१) मा देहाय बमोजिम व्यवस्था गरेको छ ।

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो उपनियम प्रारम्भ हुँदाका बखत् प्राईभेट फर्म नवीकरण गराउन नसकेको प्राईभेट फर्मको धनीले नवीकरण गराउन नसकेको मनासिव कारण खुलाई सम्वत् २०७४ साल असार मसान्तसम्म नवीकरण गराउनको लागि दरखास्त दिएमा र यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिव देखिएमा सम्वन्धित कार्यालयले नियम ७ को उपनियम ४ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर

सचिव

नवीकरण गराउन नसकेको बीस लाखसम्म पुँजी भएको प्राईभेट फर्मको हकमा त्यस्ता प्राईभेट फर्मबाट प्रत्येक वर्षका लागि २,५००/- रुपैयाका दरले र बीसलाख भन्दा बढी पुँजी भएका प्राईभेट फर्मबाट प्रत्येक वर्षका लागी ५,०००/- रुपैयाका दरले जरिवाना लिई त्यस्तो प्राईभेट फर्म नवीकरण गरिदिनुपर्नेछ ।"

## ग. नवीकरण सम्बन्धि निर्णय हुनुपर्ने विषय

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम १० (१) अनुसार तोकिएको अवधिभित्र नवीकरण गराउन नसकेका प्राइभेट फर्मका धनीले नवीकरण गराउन नसकेको मनासिव कारण खुलाई सम्वत् २०७६ आषाढ मसान्तसम्म (वा गण्डकी प्रदेशको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन/ नियमावली /कार्यविधि आएमा सोही अनुसार हुने गरी) नवीकरण गराउनका लागि दरखास्त दिएमा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ दशौं संशोधनको नियम १० (१) बमोजिम नवीकरण गरिदिने । त्यस्ता प्राईभेट फर्महरुले सो अवधिभित्र नवीकरण नगराएमा स्वतः खारेजीमा पर्ने तर खारेजीमा परेको कारणले नेपाल सरकार/प्रदेश सरकारलाई तिर्नुपर्ने कर दायित्वबाट उन्मुक्ति हुने छैन भनी निर्णय गर्नुपर्ने अवस्था रहेको छ ।

नि सचिव